# तानसेन नगरपालिका
# आर्थिक वर्ष २०७५/०७६ को वार्षिक नीति तथा कार्यक्रम
(२०७५ साल असार १० गते)

## तानसेन नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, पाल्पा
५ नं. प्रदेश, नेपाल

**नगरसभाका सदस्यहरु ज्यूहरु**
**अतिथि तथा संचारकर्मी महानुभावहरु**

१. नेपाली जनताको पटक पटकको वलिदानीपूर्ण संघर्ष र विभिन्न आन्दोलनबाट मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको तथ्य अवगतै छ । संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिको आन्दोलनका विभिन्न कालखण्डमा आफनो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै घाइते, अपाङ्गता भएका, वेपत्ता नागरिकप्रति उच्च सम्मान र आदर प्रकट गर्दछु ।

२. जननिर्वाचित प्रतिनिधिबाट लेखिएको नेपालको संविधान २०७२ जारी भएपछि वि.सं. २०७४ सालमा सम्पन्न निर्वाचनबाट निर्वाचित भई स्थानीय तहको सरकारको जिम्मेवारी सहित दोस्रो वर्षमा प्रवेश गरेका छौं । नेपालको संविधानको भाग १३ (स्थानीय कार्यपालिका) अन्तर्गत धारा २१४ को स्थानीय तहको कार्यकारिणी अधिकार तथा भाग १९ (स्थानीय आर्थिक कार्यप्रणाली) अन्तर्गत धारा २३० को गाउँपालिका र नगरपालिकाको राजश्व र व्ययको अनुमान सम्बन्धी व्यवस्था तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम आर्थिक वर्ष २०७५/०७६ को तानसेन नगरपालिकाको नीति तथा कार्यक्रम यस गरिमामय नगरसभा समक्ष पेश गर्न पाउँदा गौरवको अनुभूति गरेको छु ।

३. उच्च समावेशी आदर्श बोकेको संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान निमार्ण तथा संघीय, प्रदेश र स्थानीय तहको निर्वाचनबाट वनेका सरकारहरुको माध्यमबाट अहिले नेपाली जनताले लोकतान्त्रिक अभ्यास गर्दैछन् । स्थानीय सरकार संविधानको भावना वमोजिम संचालन गर्नका लागि कतिपय ऐन, कानूनहरु निमार्णका क्रममा रहेको हुँदा जनताले अपेक्षा गरेको सिंहदरवार अद्यापि स्थानीय सरकारका वडा सम्म आउन नसकिरहेको अवस्थालाई पनि हामीले स्वीकार्नु पर्ने अवस्था छ तर यस खाले अवस्था सधै नरहने तर्फ पनि आश्वस्त गराउन चाहन्छु ।

४. हामीसँग स्रोत साधन सीमित छ । आवश्यकता माग र अपेक्षाहरु स्वभावैले असीमित छन् । सीमित साधन स्रोतमा जनसहभागिता र जन योगदान मिसाएर पूँजी निर्माण गर्नु परेको छ । स्थानीय स्रोत साधन ढुङ्गा, गिट्टी, बालुवा आदि हामीसंग केही अवश्य छन् । अब तिनीहरुको परिचालन र अधिकतम सदुपयोग गरेर अघि बढ्ने प्रयत्न हामीले गर्नु परेको छ । संघीयताको नयाँ अभ्यास भए पनि हाम्रो नगरपालिका एक किसिमले गाउँपालिका जस्तै हो भन्ने कुरा ग्रामीण गाउँवस्तीको वाहुल्यताले प्रमाणित गरेको छ । तानसेन नगरको समग्र र समानुपातिक विकास कसरी गर्ने यस वारेमा सबैको चिन्तन, मनन र सबैको लगानी र सहयोगको खाँचो छ । हाम्रो ढुकुटी वा नगरकोषका शीर्षक देहाय अनुसार हुन सक्ने तर्फ ध्यान आकर्षित गर्न चाहन्छु :

- आन्तरिक स्रोत परिचालन
- कर, दस्तुर र रजिष्ट्रेसन शुल्क
- संघीय र प्रदेश सरकारको वित्तीय समानिकरण तथा सशर्त अनुदान, समपुरक र विशेष अनुदान
- उपभोक्ता र समुदायको श्रम र पूँजीगत योगदान
- दाताहरुको अनुदान तथा ऋण

५. यिनै पृष्ठभूमिमा उभिएर **"समृद्ध नगर, आत्मनिर्भर नगरवासी, सफा नगर, सुखी नगरवासी"** नारालाई हामीले अगाडि सारेका छौं ।

६. ठिक एक वर्ष पहिले स्थानीय तहको निर्वाचनका सन्दर्भमा हामीले सार्वभौम नगरवासी समक्ष गरेका प्रतिवद्धताहरु केवल निर्वाचनमा विजय हासिल गर्ने खेल मात्र थिएनन्, ती त हाम्रा आवश्यकतामा आधारित योजनाहरु थिए । हामी अहिले पनि तिनै प्रतिवद्धतालाई पूरा गर्ने संकल्प गरिरहेका छौं र तिनै प्रतिवद्धताबाट निर्देशित छौं ।

७. संघीय सरकार, राष्ट्रिय योजना आयोग र प्रदेश सरकारको नीति निर्देशनहरु नगर विकासका लागि मूलभूत मार्ग निर्देशन हुन् ।

८. नगर सरकारको नीति निर्देशनमा आधारित भई १५ वर्षे रणनीतिक योजना र ५ वर्षे आवधिक योजना यसै आ.व. २०७५/०७६ मा तर्जुमा गरी त्यसैको मार्ग दर्शनमा समग्र नगर विकास योजनाहरु कार्यान्वयन गर्ने संकल्पलाई दोहोऱ्याउँछौं ।

९. गत वर्ष सम्पन्न स्थानीय तह तथा यसै वर्ष सम्पन्न संघ र प्रदेश गरी तीनै तहको निर्वाचनबाट राजनीतिक स्थायीत्व कायम भई मुलुक अब आर्थिक समृद्धि र विकासको दिशामा अगाडी बढेको छ । यस अवसरको सदुपयोग गर्दै हाम्रो नगरपालिकामा रहेका कृषि, बन, धार्मिक तथा पर्यटकीय सम्भावना, प्राकृतिक श्रोत साधन र जनशक्तिलाई उचित परिचालन एवम् व्यवस्थापनबाट नगरको समृद्धि र विकासको ढोका खोलिने छ भन्नेमा म विश्वस्त छु । **हाम्रो तानसेन राम्रो तानसेन** बनाउन संघीय र प्रदेश सरकारसँगको सहयोग र समन्वयका साथ स्थानीय उद्योगी, व्यापारी, बुद्धिजीवी, संचारकर्मी, पर्यटनवीद, समाजसेवी लगायत समग्र तानसेनवासीको सक्रिय सहयोग र सहभागिताको लागि जोड दिइने छ ।

१०. चालु आर्थिक वर्ष २०७४/०७५ का लागि प्रथम नगरसभाबाट स्वीकृत नीति, योजना र बजेट हाल कार्यान्वयनको अन्तिम चरणमा रहेको छ । निर्वाचित जनप्रतिनिधिको रुपमा पदमा वहाल हुनासाथ तत्काल पेश गरिएको नीति, योजना र वजेट कार्यान्वयनको हालसम्मको अवस्थाको मूल्याङ्कन र समीक्षा गर्दा पूर्वाधार तथा अन्य योजना कार्यक्रमहरुको उपलब्धीहरु सन्तोषजनक नै देखिन्छ । प्रथम नगरसभाबाट पारित नीति, योजना र वजेट कार्यान्वयनको अनुभब र सिकाइबाट नगरको दिगो र सन्तुलित विकासका लागि ठोस र योजनाबद्ध रुपमा अगाडि बढ्ने पृष्ठपोषण र प्रेरणा मिलेको छ ।

११. आ.व. २०७५/०७६ का लागि नगरपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गर्दा चालु आर्थिक वर्ष २०७४/०७५ को नीति तथा कार्यक्रमलाई समेत पुनरावलोकन गर्दै संघीय र प्रदेश सरकारबाट प्राप्त वजेट सिलिङ्ग र मार्गदर्शन, प्रदेश सरकारको नीति, प्राप्त बजेट, योजना र कार्यक्रम, संविधानको अनुसूची-७ (संघ र प्रदेशको साझा अधिकारको सूची), अनुसुची-८ (स्थानीय तहको अधिकारको सूची) र स्थानीय सरकार संचालन ऐन, २०७४ मा उल्लिखित नगरपालिकाको कार्यक्षेत्र, स्थानीय तहको वार्षिक योजना तथा बजेट दिग्दर्शनलाई समेत ध्यानमा राखिएको छ । तानसेनको पर्यटन विकासमा सहयोग पुऱ्याउने अभिप्राय सहित

जनवादी गणतन्त्र चीनको लुसान नगरसँग मैत्रीपूर्ण सम्वन्ध स्थापना भएको छ । मैत्रीपूर्ण सम्वन्धबाट दुबै नगरवासीहरु लाभान्वित हुने हाम्रो विश्वास रहेको छ । यसैगरी नेपालले अन्तर्राष्ट्रिय स्तरमा प्रतिवद्धता गरेको सन् २०३० सम्म पुरा गर्नुपर्ने दिगो विकासको लक्ष्य, सन् २०२२ सम्म नेपाललाई विकासशील राष्ट्र बनाउने लक्ष्य, चौधौ राष्ट्रिय आवधिक योजना र अन्तर्राष्ट्रिय स्तरमा नेपालले व्यक्त गरेको विषयगत क्षेत्रका प्रतिबद्धता बमोजिम नतिजा प्राप्तीमा सहयोग पुऱ्याउने गरी कार्यगर्न यस नगरपालिका कटिबद्ध रहने छ ।

## सभाका सदस्य ज्यूहरु

अब म आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रलाई विषयगत रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु :

## पूर्वाधार विकास :

१२. नगरको प्रभावकारी पूर्वाधार विकासमा नगरगौरबका आयोजनाहरुलाई प्राथमिकताका साथ संचालन गरिने छ । यस कार्यमा संघ तथा प्रदेश सरकारसँग थप साझेदारी गर्नको लागि विशेष कोषको व्यवस्था गरिने छ ।

**१३. समुदायको लगानी विकासको थालनी** भन्ने भावनाका साथ ६०/४० जस्ता सहलगानीका कार्यक्रमहरु तथा नगरगौरबका योजनाहरु संचालन हुने व्यवस्था मिलाइने छ ।

१४. नगरपालिकाको उपलब्ध श्रोत र साधनले कार्यान्वयन गर्न नसकिने, वडाबाट सिफारिस भएका ठूला योजना, विस्तृत परियोजना कार्यान्वयनको लागि विशेष अनुदान, समपूरक अनुदान परिचालन गरी सम्पन्न गर्न जोड दिइनेछ ।

१५. विकास आयोजनाहरुको गुणस्तरीयता र दिगोपनाका लागि निश्चित सूचक र निश्चित मापदण्डका आधारमा अनुगमन तथा मूल्याङ्कन गर्ने पद्धतिको विकास गरिनेछ । निर्माण सम्पन्न सबै प्रकारका भौतिक पूर्वाधारहरुको लगत तयार गरी मर्मत सम्भार कार्यलाई प्राथमिकतामा राखिनेछ । ठूला प्रकृतिका योजनाहरुको काम सम्पन्न पश्चात तेश्रो पक्ष मूल्यांकन (Third Party Evaluation) पद्धति अवलम्बन गरिने छ । विगतमा शुरु गरिएका अधुरा योजना तथा कार्यक्रमलाई निरन्तरता दिइने छ ।

**१६. सुरक्षित बसोबास र व्यवस्थित शहर, तानसेनवासीको रहर** अनुरुप नगर भित्र भौतिक पूर्वाधार निर्माणका लागि राष्ट्रिय भवन संहिता तथा मापदण्ड, २०७२ को पूर्ण पालना गराइनेछ । नगर सडक यातायात गुरुयोजनालाई अद्यावधिक गरी सोही आधारमा सडकको स्तरोन्नति र सुधार गर्दै लगिनेछ । घरनक्सा पास सम्बन्धी कार्यलाई थप व्यवस्थित र सहज बनाउन भवन निर्माण तथा नक्सापास सम्बन्धी कार्यविधि बनाई कार्यान्वयनमा ल्याइनेछ । प्रचलित कानून बमोजिम नक्सा पास गर्नुपर्नेमा नक्शा पास नगरी बनाइएका घर टहराहरुको अभिलेखिकरण तथा भवन निर्माण मापदण्ड पुगेका घरहरुको हकमा नक्शा नियमित गर्न एक पटकका लागि सार्वजनिक सूचना जारी गरिने छ ।

१७. सडक अतिक्रमण हटाई नगरलाई व्यवस्थित, वातावरणमैत्री र हरित नगरको रुपमा विकास गर्न एक घर २ विरुवा नीति कार्यान्वयन गरिनेछ । हरीयाली बस टर्मिनल अवधारणा अन्तर्गत तानसेन-५ मा वातावरणमैत्री बसपार्क (Eco-Friendly Bus Terminal) निर्माणको लागि सम्वन्धित निकायसँग समन्वय गरी निर्माण कार्य अघि बढाइने छ ।

१८. भू-उपयोग योजना सहितको दीर्घकालीन एकीकृत शहरी विकास गुरुयोजना तर्जुमा गरिनेछ ।

१९. आम नागरिकसँगै आन्तरिक तथा वाह्य पर्यटक आवागमनमा सहजताका लागि तानसेन नगरपालिका भित्रको उपयुक्त स्थानमा आन्तरिक एअरपोर्ट संचालन गर्न सम्भाव्यता अध्ययनको व्यवस्था मिलाइने छ ।

२०. नगर क्षेत्र भित्र रहेको ऐलानी, पर्ति जग्गाको लगत अभिलेखीकरण गरिनेछ । साथै ऐलानी, पर्ति जग्गाको संरक्षण र समुचित उपयोग तर्फ पहल गरिनेछ । त्यस्ता प्रकृतिका जग्गामा बनेका घर टहराहरुलाई स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम बहाल विटौरी करको दायरामा ल्याइनेछ । साथै नगर क्षेत्र भित्रका सडकहरुको अधिकार क्षेत्र (Right of Way) कायम गर्न विज्ञ सहितको समिति गठन गरी समितिको सुझाव बमोजिम सडक अधिकार क्षेत्र तोकिने छ ।

२१. तानसेन नगरपालिकाको वडा नं ५ (साविक वडा नं १२ र १३), यस्तै वडा नं. ६, ७ र ९ को कुन्सरे देखि दमकडा क्षेत्रलाई नमूना शहरको रुपमा विकास गर्न एकिकृत जग्गा बिकास कार्यक्रम एवम् अन्य भौतिक पूर्वाधार विकासमा जोड दिइनेछ ।

## आर्थिक विकास

२२. कृषि तथा पशुपालन पेशालाई व्यवसायिक र यान्त्रिकीकरण गर्न कृषि पूर्वाधार विकास, कृषकहरुको क्षमता विकास गर्दै युवा रोजगारी सिर्जना, गरिवी निवारणमा योगदान पुग्ने गरी समावेशी आर्थिक विकासका कार्यक्रम कृषकको साझेदारीमा संचालन गरिनेछ । यान्त्रिकीकरण कार्य तर्फ साझेदारीमा हाते ट्रयाक्टर लगायतका प्रविधि हस्तान्तरण गरिने छ ।

२३. विषादी न्यूनीकरण अभियानलाई प्रोत्साहन गर्दै एकिकृत शत्रुजीव व्यवस्थापन (आई.पी.एम.) कार्यक्रम संचालन र प्रवर्द्धन गरिने छ ।

२४. कृषि र पशुपालनको लागि पकेट क्षेत्र निर्धारण गरी साझेदारी कार्यक्रम संचालन गरिनेछ । व्यवसायिक कृषक परिचय-पत्र वितरण गरी अभिलेख व्यवस्थित गरिनेछ । पशु तथा बाली वीमामा कृषकहरुलाई प्रेरित गर्नुका साथै नगरपालिकाबाट समेत बजेट व्यवस्था गरी जोखिम न्यूनीकरणमा जोड दिइनेछ ।

२५. कृषि उत्पादन बृद्धि गर्न र कृषिजन्य वस्तुहरुको व्यवसायिक उत्पादन क्षेत्रमा उपयुक्त र दिगो सिंचाइ तथा आवश्यक पूर्वाधारहरुको व्यवस्था मिलाइने छ ।

२६. निर्यात योग्य बाली वस्तुहरुको उत्पादन तथा प्रशोधन अभिवृद्धि गरी वाह्य बजारमा प्रतिस्पर्धी बनाउन युवा तथा कृषक उद्यमीहरुलाई आकर्षित गरिने छ ।

२७. पशुजन्य पदार्थको उत्पादन बृद्धिका लागि पशु आहार पद्धतिलाई विस्तार गर्न कृषकहरुलाई उन्नत तथा पौष्टिकयुक्त घाँसको बीउ बिजन र आवश्यक यन्त्र उपकरण उपलब्ध गराइने छ ।

२८. नश्लसुधार कार्यक्रमलाई प्रभावकारी बनाउन कृत्रिम गर्भाधान सेवा किसानहरुको घरदैलोमा पुग्ने गरी विस्तार गरिने छ । साथै प्राकृतिक गर्भाधान सेवालाई प्रभावकारी बनाउन उन्नत नश्लका प्रजनन्योग्य बोका र राँगा वितरण गरिने छ । स्वस्थकर मासु उत्पादनका लागि मासु जाँच प्रयोगशाला स्थापना र पशुबधशाला निर्माणका लागि सार्वजनिक निजी साझेदारीको कार्यक्रम संचालन गरिनेछ ।

२९. स्थानीय व्यापार प्रबर्द्धन हेतु कृषिजन्य उपजको हाटबजार व्यवस्थापन लगायतका कार्यमा स्थानीय उद्योग बाणिज्यसंघ, व्यापार संघ लगायतका व्यापारिक संघ संस्था र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना (तानसेन जोन) सँग सहकार्य गरिनेछ ।

३०. विकासमा जनताको सहभागिता, अपनत्व र स्वामित्व कायम हुनेगरी आर्थिक विकास र गरिवी निवारणमा योगदान पुग्ने, उत्पादनमुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने खालका योजनाहरु कार्यान्वयनमा जोड दिइनेछ । साथै लगानीमैत्री वातावरण सिर्जना गरी सार्वजनिक निजी साझेदारी (PPP) अवधारणालाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

**३१. समृद्धिका लागि सहकारी** भन्ने मर्मलाई आत्मसात गर्दै नगरपालिका भित्र रहेका सहकारी संस्थाहरुको नियमन र प्रभावकारिताका लागि सहकारी सम्बन्धी आवश्यक नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । सहकारी संस्थाहरुमा रहेको शेयर सदस्यको पूँजीलाई सदुपयोग गरी सदस्यहरुको आर्थिक, सामाजिक विकासमा योगदान दिने खालका कार्यक्रम संचालन गर्न प्रोत्साहित गरिने छ । साथै सहकारीहरुको क्षमता र संस्थागत विकास गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

३२. तानसेन नगरपालिका वडा नं ८ पीपलडाँडामा रहेको परम्परागत प्रकृतिका कुँडुले घरहरु भग्न अवस्थामा रहेकाले संरक्षणका लागि विशेष कार्यक्रम राखिनेछ । यस्तै अन्य क्षेत्रमा समेत भाषा, साहित्य, कला र संस्कृति संरक्षणका कार्यक्रमलाई सम्भव सहयोग गरिने छ ।

३३. नगरपालिका क्षेत्रभित्र रहेका धार्मिक, पर्यटकीय स्थल, तालतलैया र सीमसार क्षेत्रको विकासको लागि तत् तत् क्षेत्रको गुरुयोजना तयार गरी सोको आधारमा योजनाहरु कार्यान्वयन गरिनेछ । आन्तरिक र बाह्य पर्यटक आकर्षित गर्न विभिन्न प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

३४. ऋषिकेश, रतनपाँडे साधनास्थल, लिपिनदेवी, भवगती मन्दिर, अमरनारायण मन्दिर, बंशगोपाल, कोकलदेवी, माण्डव्य आश्रम, गुफाचौर लगायतका क्षेत्रहरुको संरक्षण र प्रवर्द्धन प्रवर्द्धन गरिने छ ।

३५. प्राविधिक एवम् व्यवसायिक सीपको माध्यमबाट युवाहरुलाई स्वदेशमै रोजगारको अवसर सिर्जना गर्न युवा स्वरोजगार विशेष कार्यक्रम संचालन गरिनेछ । यसको लागि गाउँनगर साझेदारी कार्यक्रम तर्फको कोष उपयोग गरिने छ । यसको लागि आवश्यक कार्यविधि तयार गरी स्वरोजगार कार्यक्रम संचालन गरिने छ । नगरपालिकाको सम्भावीत क्षेत्रमा प्राविधिक धारको शिक्षा सञ्चालन गर्न थप पहल गरिने छ ।

३६. सामाजिक बञ्चितिकरणमा परेका, फरक क्षमता भएका, ज्येष्ठ नागरिक, महिला, बालबालिका, एकल महिला, दलित, आदिवासी जनजाति, मुस्लिमहरुको आर्थिक सामाजिक विकास गर्दै सम्मानपूर्ण जीवनयापन गर्नपाउने वातावरण सिर्जना गरिनेछ । **"आर्थिक समृद्धिका लागि महिला उद्यमशीलता"** भन्ने नाराका साथ कार्यक्रम संचालन गरिनेछ ।

३७. स्थानीय भाषा, साहित्य, संस्कृति, कलाको संरक्षण र विकासका लागि कार्यक्रमहरु संचालन गरिनेछ । उपयुक्त स्थानमा मगर सांस्कृतिक भिलेजको अवधारणालाई मूर्तरुप दिन गुरुयोजना तयार गरी कार्यान्वयन गरिने छ ।

३८. नगरपालिकालाई आर्थिक विकासको केन्द्रको रुपमा समेत विकास गर्न रोजगारी सिर्जना गर्ने खालका ढाका र करुवा लगायतका हस्तकलासँग सम्वन्धित साना तथा लघु उद्यम, व्यावसायिक कृषि, पर्यटन पूर्वाधार विकासमा जोड दिइनेछ ।

३९. उपभोक्ता अधिकार र हितको संरक्षणका लागि उपभोग्य सामान र सेवाको गुणस्तरीयताको सुनिश्चित गर्न बजार अनुगमन सम्बन्धी नीति, कानून एवम् मापदण्ड बनाई नियमित अनुगमन र नियमन गरिनेछ ।

## सामाजिक विकास :

४०. नगर शिक्षा ऐन तथा नियमावली तर्जुमा गरी आधारभूत र माध्यमिक शिक्षालाई नियमन गुणस्तर सुधार गरिनेछ । शिक्षाको का लागि उल्लिखित ऐन नियमको प्रभावकारी कार्यान्वयन गरिनेछ । आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका गरीव र जेहन्दार बालबालिकाहरु र फरक क्षमताका बालबालिकाहरुको शिक्षाका विशेष छात्रबृतिको व्यवस्था गर्न संस्थागत विद्यालयहरुसंग सहकार्य गरिनेछ ।

४१. नेपालको संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य गरेको सन्दर्भमा वालवालिकाहरुलाई भर्ना गरौ, टिकाऔं र सिकाऔं भन्ने मुल नाराका साथ तानसेन सरकारले भर्ना अभियान संचालन गर्ने कार्यक्रम तय गरिने छ । तानसेन नगरपालिका भित्र रहेका माध्यमिक स्तरका सामुदायिक विद्यालयहरुमा विद्युतीय हाजिरी थालनी गरिने छ ।

४२. तानसेनको इतिहासको शैक्षिक विरासत कायम गर्नको लागि विज्ञ एवम् सरोकारवालाहरुसंग समन्वय गरी शैक्षिक केन्द्रको रुपमा पुन:स्थापन गरिनेछ । प्राविधिक क्याम्पस स्थापना/संचालन तर्फ अध्ययन गरिने छ।

४३. आधारभूत स्वास्थ्य सेवामा पहुँच र सुनिश्चितताका लागि नगरभित्रका स्वास्थ्य संस्थाहरुले दिदै आएको सेवालाई थप प्रभावकारी बनाइ सेवाको गुणस्तरीयतामा जोड दिइनेछ । आयुर्वेद चिकित्सा पद्धती, ध्यान र योगलाई स्वास्थ्य उपचारको सहयोगी माध्यम बनाउन प्रोत्साहित गरिने छ।

४४. मातृ शिशु मृत्यूदर न्यूनीकरणका लागि सुत्केरी महिलाहरुलाई दिइदै आएको पोषण भत्तालाई निरन्तरता दिइने छ । साथै सुत्केरी स्याहार कार्यक्रमको लागि थप श्रोतको व्यवस्था गरेको छु । वडास्तरका स्वास्थ्य संस्थाबाटै महिलाहरुको पाठेघरको मुखको क्यान्सर परिक्षणको कार्यमा सेवा पुऱ्याउन आवश्यक पहल गरिने छ।

४५. महङ्गो स्वास्थ्य सेवाका कारण सामान्य व्यक्तिको पहुँच वाहिर रहेको मुटु तथा मृगौला रोग उपचारमा नगरवासीलाई सहुलियतपूर्ण उपचार प्रदान गर्न स्थानीय अस्पतालसंगको साझेदारीमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था मिलाइने छ।

४६. एक वडा एक स्वास्थ्य संस्थाको नीति अनुरुप स्वास्थ्य संस्था नभएका वडाहरुमा स्वास्थ्य संस्था स्थापनाको व्यवस्था गरिने छ।

४७. स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति र सेवा विमुख नागरिकहरुको लागि घरघरमा स्वास्थ्य सेवा प्रदान गर्ने नीति अवलम्वन गरिनेछ। यस अभियानमा स्थानीय स्वास्थ्य संस्थालाई व्यवस्थित ढङ्गले परिचालन गरिने छ। निश्चित सूचक र मापदण्ड बनाई निजी अस्पताल, स्वास्थ्य क्लिनिकहरुको नियमन गरिनेछ।

४८. सामाजिक स्वास्थ्य वीमा कार्यक्रम तर्फ विगतमा दलित, अल्पसंख्यक एवम् सिमान्तकृत नागरिकहरुको लागि गरिएको स्वास्थ्य वीमा कार्यक्रमलाई निरन्तरता दिदैं महिला स्वास्थ्य स्वयंसेवीका र नगर सरसफाइकमीहरुको समेत स्वास्थ्य वीमा गरिने छ।

**४९. सभ्यताको मुल आधार स्वच्छ खानेपानी र सरसफाइयुक्त व्यवहार** भन्ने नारालाई सार्थक तुल्याउने गरी नगरपालिका भित्र स्वच्छ खानेपानी व्यवस्थापन र सरसफाइ अभियान संचालन गरिने छ।  यस तर्फ तानसेन खानेपानी उपभोक्ता समितिलाई अनुदान र साझेदारी तथा ग्रामीण वडाहरुमा खानेपानी आयोजना संचालन र मर्मत संभारका कार्यक्रम संचालन गर्ने नीति लिइएको छ। पुराना ढुङ्गेधाराहरु र खानेपानीको मुल संरक्षण र व्यवस्थापनमा विशेष जोड दिइने छ।

**५०. सफा टोल सफा सहर तानसेन वासीको रहर** भन्ने पूर्ण सरसफाइ अभियान अन्तर्गत सरसफाइका तोकिएका सूचकहरुका आधारमा वडाहरुलाई पूर्ण सरसफाइ वडा घोषणा गरिने छ। आफ्नो आगन आफै सफा गरौं अभियान कार्यान्वयनको लागि टोल विकास समितिलाई परिचालन गरिने छ।

५१. HIV संक्रमित विपन्न परिवारका सदस्यलाई रोजगार तथा आय आर्जनका कार्यक्रममा संलग्न गराई उनीहरुको आर्थिक विकासमा जोड दिइनेछ । यस कार्यमा सरोकारवाला संघ संस्था तथा संक्रमित र प्रभावितहरुको समूहसँग समन्वय एवम् साझेदारी गरिने छ ।

५२. लैङ्गिक हिंसा, लैङ्गिक विभेद, छुवाछूत जस्ता कुरीति र कानूनले बर्जित गरेका कुप्रथा र अन्धविश्वासको अन्त्य र मानव ओसारपसार तथा वेचविखन, बालबिवाह, वालश्रम तथा विरुद्ध सामाजिक सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

५३. वालमैत्री स्थानीय शासनका सूचकहरुलाई सहयोग पुग्ने कार्यक्रमहरु तय गर्दै आगामी आर्थिक वर्षमा २ वटा वडाहरुलाई वालमैत्री वडा घोषणा गर्ने लक्ष्य लिइएको छ । आगामी दिनमा क्रमशः सबै वडाहरुलाई वालमैत्री वडा घोषणा गर्दै लगिने छ ।

५४. युवा परिषद (Youth Council) गठन गरी युवा परिचालन, समाज सशक्तिकरण अभियानमुलक कार्यक्रम, खेलकुद लक्षित कार्यक्रम संचालन गरी युवाहरुलाई समाज विकासका रचनात्मक काममा परिचालन गरिने छ । साथै खेलकुद पूर्वाधार विकासमा जोड दिइनेछ । नगरपालिकाले अगाडि सारेका कार्यक्रमलाई सफल बनाउन परिषदले सहयोग पुऱ्याउने अपेक्षा लिइएको छ ।

**५५. नियमित व्यायाम-स्वस्थ युवा, स्वस्थ युवा-गतिशिल समाज** भन्ने अभिप्रेरणाका साथ राष्ट्रियस्तरका खेलकुदहरु, मेयरकप फुटबल, हाफ म्याराथुन लगायतका खेलकुद गतिविधिहरु संचालनमा प्राथमिकता दिइने छ ।

५६. बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्न वाँकी रहेका र नगरपालिकामा समावेश भएका ग्रामीण वडाहरुमा शाखा रहित बैंकिङ्ग प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई थप प्रभावकारी र व्यवस्थित बनाइनेछ ।

५७. गैर सरकारी संस्था र सामाजिक संस्थाहरुको नियमनका लागि आचारसंहिता एवम् कार्यविधि बनाई कार्यान्वयन गरिनेछ । गैरसरकारी संस्थाहरुबाट संचालित क्रियाकलापको निश्चित सूचक र मापदण्ड बनाई अनुगमन गरिनेछ । संस्थाहरुको कार्यक्षमता र विज्ञताको आधारमा एकद्वार प्रणाली अपनाई साझेदारीमा क्रियाकलापहरु संचालन गर्न प्रोत्साहन गरिनेछ ।

## वन, वातावरण तथा विपद व्यवस्थापन :

५८. सामुदायिक वनहरुलाई व्यवस्थित गर्दै त्यस्ता वन क्षेत्रहरुमा जडिबुटी, गैरकाष्ठ बन पैदावार र आय आर्जनका विविध कार्यक्रमहरु संचालन गर्न अभिप्रेरित गरिने छ ।

५९ भूसंरक्षण, जलाधार व्यवस्थापन र जलउत्पन्न प्रकोप न्यूनीकरणका कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गरिने छन ।

६०. विपद् जोखिम न्यूनीकरण, जलबायु परिवर्तनको असर न्यूनीकरण तथा जैविक विविधता संरक्षणका लागि दीर्घकालीन योजना बनाई कार्यान्वयन गर्न पहल गरिनेछ ।

६१. वाढी, पहिरो, आगलागी, हावाहुरी, महामारी जस्ता विभिन्न प्रकारका प्राकृतिक प्रकोपबाट प्रभावित नागरिकहरुलाई तत्काल राहत दिन नगर विपद् व्यवस्थापन कोष स्थापना गरी राहत उपलव्ध गराईने छ ।

६२. विपद व्यवस्थापनका लागि क्विक रेस्पोन्स टिम तथा छुट्टै ईकाई निर्माण गरिने छ । साथै वारुण यन्त्र तथा उपकरणहरुको थप व्यवस्था गरिने छ । साना सडक तथा भित्री वस्तीहरुमा आगलागीबाट जनधनको क्षती न्यूनीकरण गर्न फायर हाईड्रेन्टको व्यवस्थाको मिलाइने छ ।

६३. नगर क्षेत्रभित्रबाट निस्कने फोहरमैलाको संकलन, पुनःउपयोग, प्रशोधन र विसर्जनका लागि सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार काम अगाडि बढाइनेछ । नगरपालिका क्षेत्रको खुल्ला ढललाई व्यवस्थित गरी घर निर्माण गर्दा अनिवार्य रुपमा सेफ्टी टंकी निर्माण गर्नुपर्ने नीति अवलम्वन गरिने छ ।

## सूशासन तथा संस्थागत विकास :

६४. न्यायिक समितिको कार्य सम्पादन प्रक्रिया प्रभावकारी बनाउन समितिका पदाधिकारी र मेलमिलापकर्तालाई आवश्यक ज्ञान, सीप अभिवृद्धिका लागि व्यवस्था मिलाइने छ ।

६५. सहज, सरल ढङ्गले निःशुल्क न्याय सम्पादनका लागि मेलमिलाप समितिको समेत सहयोग र समन्वयमा कार्यक्रम अगाडि बढाइने छ ।

६६. नगरपालिकाको व्यवस्थित रुपमा विकास गर्न उपलव्ध श्रोत साधनको समुचित परिचालन गरी नगरको एकिकृत विकासमा सहयोग पुऱ्याउन दीर्घकालीन योजना, एकिकृत नगर विकास योजना, क्षेत्रगत योजना तयार गरिने छ । साथै व्यवस्थित नगर बनाउन Digital House Numbering गर्ने कार्य समेत क्रमश : गरिने छ ।

६७. नगरपालिकाले लिएका नीतिहरुको प्रभावकारी कार्यान्वयन, नगरपालिकाको सम्पतीको सुरक्षा र संरक्षण लगायतका कार्यका लागि नगरप्रहरी सेवा विस्तार गरी प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

६८. नगरपालिकाको आन्तरिक श्रोत परिचालनलाई दिगो र प्रभावकारी बनाउन, स्रोत साधन परिचालनमा आत्मनिर्भर बनाउदै लैजान करको दायरा बढाइनुका साथै करका दरहरुलाई समसामयिक र बैज्ञानिक बनाइनेछ । राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, सशोधन, परिमार्जन लगायत राजश्व प्रशासन सुधार तथा आवधिक राजश्व प्रक्षेपण योजना तयारीका लागि विज्ञहरुको परामर्श सेवा लिइनेछ ।

६९. नगरपालिका र वडा कार्यालयबाट प्रवाह गरिने सेवालाई चुस्त, दुरुस्त बनाउन संस्थागत सुधार गरिनेछ । आगामी आर्थिक वर्षको प्रारम्भ देखि नै वडा कार्यालय खुल्न बाँकी वडा कार्यालयहरु तत् तत् वडामा स्थापना गरिने छ । सेवा प्रवाहको अवस्था र कार्यबोझका आधारमा नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी मौजुदा जनशक्तिको क्षमता विकास

गर्दै आवश्यक थप दक्ष जनशक्तिको व्यवस्था मिलाइनेछ । कर्मचारीलाई कार्यसम्पादनको आधारमा दण्ड र पुरस्कृत गरिनेछ ।

७०. निर्वाचित पदाधिकारीहरुको क्षमता विकासमा जोड दिइनेछ । निर्णय प्रकृयालाई चुस्त, दुरुस्त र पारदर्शी बनाई निर्णय गर्ने पदाधिकारीहरुलाई नतिजा प्रति उत्तरदायी र जिम्मेवार बनाईने छ ।

७१. जनताप्रति जवाफदेही र उत्तरदायी सेवा प्रवाहका लागि भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति लिइनेछ । नगरपालिकाको काम कारबाहीलाई सरल, सहज, सुविधायुक्त र सेवाग्राहीमैत्री बनाई सेवा प्रवाहलाई चुस्त, दुरुस्त, पारदर्शी र सुशासनयुक्त बनाइनेछ । सेवा प्रवाह सहज र सरल बनाउन सूचना र प्रविधिको उपयोग गरिनेछ ।

७२. नगरपालिकाले लिएका नीति, योजना, वजेट तथा कार्यक्रम र तिनको कार्यान्वयनको अवस्थाको बारेमा जनताले प्रत्यक्ष तथा परोक्ष रुपमा जानकारी पाउन Tansenmun App प्रयोगमा ल्याइने छ । नगरका गतिविधिहरुमा सुसूचित हुने गरी प्रविधिमैत्री प्रवन्ध मिलाइनेछ । यस कार्यमा छापा तथा विद्युतीय संचार माध्यमसँग सहकार्य गरिने छ ।

७३. नगरका गतिविधि, इतिहास कला संस्कृति पर्यटन र विकास अवधारणा लगायतका सामग्री समेटेर हाम्रो तानसेन त्रैमासिक बुलेटीन प्रकाशन कार्यलाई निरन्तरता दिइने छ ।

७४. पत्रकारहरुको छाता संगठन नेपाल पत्रकार महासंघ लगायत प्रेससँग सम्वन्धित संस्थासँग समन्वय गरी समानुपातिक विज्ञापन नीति कार्यान्वयनको प्रक्रिया अगाडि बढाइने छ । साथै मर्यादित र निश्पक्ष पत्रकारीताको विकासका लागि सम्भव सहकार्य गरिने छ ।

७५. संघीय सररकारवाट स्वीकृत भएको स्थानीय संचितकोष व्यवस्थापन प्रणाली (SuTRA) लाई आगामी आ.व.देखि कार्यान्वयनमा ल्याई वित्तीय व्यवस्थापन सुदृढीकरण गरिने छ ।

७६. आर्थिक व्यवस्थानमा वेरुजु हुने अवस्थाको न्यूनीकरण गर्दै आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गरिने छ । गत विगतदेखि रहेका पेश्की तथा बेरुजु फछ्र्यौटलाई अभियानकै रुपमा अगाडि बढाउँदै शून्य वेरुजु नीति अवलम्वन गरिने छ ।

७७. नगरपालिका क्षेत्र भित्रका सम्भाव्य प्राकृतिक श्रोत र साधन, धार्मिक, पर्यटकीय स्थलको पहिचान गरि त्यसको अभिलेख राखिनेछ । साथै विकास आयोजना तथा परियोजनाहरुको छनौट गर्दा उपलब्ध प्राकृतिक श्रोत साधनको दिगो उपयोग र वातावरणीय पक्षलाई ध्यानमा राखिने छ । वातावरणमैत्री विकास अभियानका लागि नागरिकस्तरमा सचेतना अभिवृद्धि तथा सहकार्यलाई जोड दिइने छ ।

७८. विद्यालय, सहकारी, उपभोक्ता समिति, लगाएतका संघसंस्थाको क्षमता विकास गरि लेखा तथा अभिलेख व्यवस्थापन र संस्थागत सुदृढीकरण गरिने छ ।

७९. सार्वजनिक तथा सामाजिक परिक्षण र सार्वजनिक सुनुवाइ जस्ता कार्यक्रमलाई निरन्तरता दिदै नागरिक सन्तुष्टि सर्वेक्षण कार्यको शुरुवात गरिने छ ।

८०. नगरपालिकाका सम्पूर्ण वडाहरुमा विद्युत, इन्टरनेट, टेलिफोनको पहुँच विस्तारका लागि आवश्यक कार्यक्रम तर्जुमा गरिनेछ । नगर कार्यालय र वडा कार्यालयलाई नेटवर्किङ गरी विद्युतीय अभिलेखन प्रणाली प्रयोग गरि वडावाटै कर, शुल्क तिर्न सकिने सहज र सरल व्यवस्था मिलाइने छ ।

**नगरसभा सदस्य ज्यूहरु,**

माथि उल्लिखित नीतिहरु र अन्य क्षेत्रगत विकास नीतिहरुको प्रभावकारी कार्यान्वयनमा सघाउ पुग्ने गरी नगरपालिकालाई प्राप्त समानीकरण अनुदान, राजश्व बाँडफाँडको रकम, संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान र आन्तरिक श्रोतको रकमबाट नगरपालिकाको दिगो र सन्तुलित विकास हुनेगरी वजेट, योजना र कार्यक्रम सहितको आय-व्ययको अनुमान नगरसभा समक्ष पेश गरेको छु ।

**चालु आ.व.२०७४/०७५ को वार्षिक कार्यक्रमको समिक्षा :**

आर्थिक वर्ष २०७४/०७५ को लागि प्रथम नगरसभाबाट स्वीकृत बजेट रु. ६९ करोड ११ लाख ३१ हजार ९ सय ४७ रुपैया मध्य आन्तरिक आय रु. ३ करोड २० लाख ८० हजार, राजश्व बाँडफाँडबाट रु. १ करोड ४४ लाख, नेपाल सरकारबाट प्राप्त वित्तिय समानिकरण अनुदान रु. ४८ करोड ३२ लाख ४१ हजार र अन्य सर्शत कार्यक्रमका लागि रु.१६ करोड १४ लाख १० हजार ९ सय ४७ बजेट अनुमान गरिएको थियो । आन्तरिक आय लक्ष्य अनुसार हुन नसेको र राजश्व बाँडफाँडबाट कुनै पनि रकम प्राप्त नभएकोले दोश्रो नगरसभाबाट रु.६४ करोड ६९ लाख ९७ हजार ७ सय ३४ रुपैयाको बजेट पारित भएको ब्यहोरा सम्मानित नगरसभा समक्ष जानकारी गराउन चाहन्छु ।

चालू आ.व.को संशोधित बजेट अनुसार कुल बजेटको ९ प्रतिशत रकम कार्यालय संचालन तथा प्रशासनिक खर्चको लागि विनियोजन गरेकोमा २०७५ जेष्ठ मसान्त सम्म ६० प्रतिशत वित्तीय प्रगति हासिल भएको छ । पूँजीगत कार्यक्रमको लागि विनियोजित रु. ५८ करोड ८६ लाख ७ हजार ५ सय २५ मध्ये हालसम्म रु. १५ करोड बराबरको कार्य सम्पन्न भई भुक्तानी समेत भएको छ । अधिकाशं योजनाहरु कार्य सम्पन्नको चरणमा रहेकोले आर्थिक वर्षको अन्त्यसम्म कुल प्रस्तावित बजेटको ८० प्रतिशत लक्ष हासिल हुने ब्यहोरा यस गरिमामय सभामा जानकारी गराउन चाहन्छु । कालिगण्डकी लिङ्करोड, गुफाचौर पर्यटीय सडक निर्माण, स्वास्थ्य वीमा, धार्मिक ऐतिहासिक क्षेत्रहरुको सम्वर्द्धन, विद्युतिकरण, बैकल्पिक उर्जा (सौर्य बत्ती), ऐतिहासिक राजकुलो मर्मत, नगर सौन्दर्यीकरण जस्ता नगर विकासमा दीर्घकालिन महत्व राख्ने कार्यक्रम तथा आयोजनाहरु प्राथमिकताका साथ संचालन गरिएका छन । वडास्तरीय अधिकांश योजनाहरु सम्पन्न भएका छन ।

चालु आर्थिक वर्षलाई **सडकवर्षको** रुपमा लिई करिव ६७ कि.मी. नयाँ सडक निर्माण गरिएको छ । समुदायसंगको सहलगानीमा ६०/४० अवधारणा अनुसार कार्यक्रम अघी बढीसकेका छन । शैक्षिक विकास तर्फ नियमित र विशेष कार्यक्रमहरु संचालन भएका छन । अन्तर स्थानीय तह साझेदारी तर्फ तानसेन नगरपालिका र वगनासकाली गाउँपालिका वीच गोर्खेकोट सडक कालोपत्रे कार्यमा साझेदारी गरिएको छ । तिनाउ गाउँपालिकासंग सिद्धार्थ राजमार्गको सिद्धबाबा बुटवल खण्डको बैकल्पिक सडकको रुपमा झुम्सा-चौकिभञ्ज्यारङ्ग-चरङ्गे-बुटवल सडक निर्माण कार्यमा रकम प्रदान गरिएको छ । उद्योग वाणिज्य संघसंगको साझेदारीमा वीरेन्द्र फूलबारीलाई व्यवस्थित बनाईएकोछ ।

**आगामी आ.व.२०७५/०७६ को वार्षिक बजेट तथा कार्यक्रमको सारांश :**

यस नगरपालिकाको आगामी आर्थिक वर्ष २०७५/०७६ को आन्तरिक आय रु. ५ करोड ४८ लाख ४० हजार, संघको राजश्व बाँडफाँड तर्फ ८ करोड ७८ लाख १२ हजार, प्रदेशको ९७ लाख ८ हजार, गत वर्षको जिम्मेवारी सरी आएको ४ करोड ८६ लाख, नेपाल सरकारको वित्तीय समानिकरण अनुदान १४ करोड ६६ लाख, नेपाल सरकारकै सशर्त अनुदान ३० करोड २५ लाख, प्रदेश सरकारको प्राप्त निसशर्त अनुदान ४८ लाख र सशर्त अनुदान ७५ लाख तथा अन्य सशर्त ११ करोड ५ लाख ५० हजार, लागत सहभागिता १ करोड ३४ लाख गरी कुल ८० करोड, १३ लाख, १० हजार बराबरको बजेट तथा कार्यक्रम प्रस्ताव गरेको छु । यस मध्ये पूर्वाधार विकास कार्यक्रमतर्फ ११ करोड ६ लाख ८६ हजार, सामाजिक विकासतर्फ ४३ करोड ५९ लाख १५ हजार, आर्थिक विकासतर्फ ८ करोड ५ लाग ५९ हजार, वन वातावरण तथा विपद व्यवस्थापन तर्फ ४ करोड ४० लाख ७२ हजार र सुशासन तथा संस्थागत विकासतर्फ ३ करोड २१ लख ९५ हजार विनियोजन हुने गरी सम्मानीत सभासमक्ष प्रस्ताव गरिएको छ ।

धन्यवाद ।

**अशोक कुमार शाही**
**नगर प्रमुख**
**(तेस्रो नगरसभा अध्यक्ष)**
**तानसेन नगरपालिका, पाल्पा**